3x22cc


# महाकाली विकास बैंक लिमिटेड
# Mahakali Bikas Bank Limited

**प्रधान कार्यालय:** भी.न.पा.-४, क्याम्पसरोड, महेन्द्रनगर, कंचनपुर
फोन नं.०९९-५२१३६५,५२०४७६ फ्याक्स : ०९९-५२५७९०
Email: mahakalib_bank@yahoo.com, info@mbbl.com, WebSite:www.mbbl.com.np


## कम्पनी ऐन, २०६३ को दफा ७५(३) को प्रयोजनको निमित्त प्रकाशित सूचना

गत पौष १५, २०७० मा सम्पन्न यस बैंकको छैठौं वार्षिक साधारण सभाबाट पारित देहाय बमोजिमका निर्णय समस्त शेयरधनी महानुभावको जानकारीको निमित्त प्रकाशित गरिएको छ ।

**(क) सामान्य प्रस्ताव तर्फ**

१. प्रस्ताव नं.१ बमोजिम संचालक समितिको तर्फवाट प्रस्तुत आ.व. २०६९।७० को छैठौं वार्षिक प्रतिवेदन पारित गरियोस् भनी सभा समक्ष राखिएको प्रस्तावलाई सर्वसम्मति वाट पारित गर्ने निर्णय गरियो ।

२. प्रस्ताव नं.२ बमोजिम लेखा परीक्षकको प्रतिवेदन सहितको २०७० आषाढ मसान्तको वासलात, २०६९ श्रावण १ गते देखी २०७० आषाढ मसान्त सम्मको नाफा नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाह विवरण (अनुसूची समेत) पारित गरियोस् भनी राखिएको प्रस्ताव सर्वसम्मति वाट पारित गर्ने निर्णय गरियो ।

३. प्रस्ताव नं.३ बमोजिम बैंकको कार्यक्षेत्र हाल कञ्चनपुर जिल्लाभित्र मात्र रहेकोमा सूगै जोडिएको डडेल्धुरा र कैलाली जिल्ला समेत थप गरी ३ जिल्लाका साथै बैंकिङ्ग सुविधा नपुगेका बभाङ्गको चैनपुर र दार्चुलाको खलङ्गा समेतमा विस्तार गर्न आवश्यक स्वीकृतीको लागि नेपाल राष्ट्र बैंकमा पुन: अनुरोध गर्ने प्रस्तावलाई सर्वसम्मति वाट गरियो ।

४. प्रस्ताव नं. ४ बमोजिम बोनस शेयरमा लाग्ने लाभांश कर प्रयोजनको लागि रु ३,७८,९४७।३७ नगद लाभांश वितरण गर्न स्वीकृत दिने प्रस्तावलाई सर्वसम्मति वाट पारित गर्ने निर्णय गरियो ।

५. प्रस्ताव नं. ५ बमोजिम सर्वसाधारण शेयरधनीहरुको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने सदस्यहरुको निर्वाचन गर्ने प्रस्ताव बमोजिम श्री हरि दत्त लेखक तथा श्री नर सिंह धामी निर्विरोध निर्वाचित भएको घोषणा निर्वाचन अधिकृत श्री गोविन्द नारायण खत्रीले गर्नु भयो ।

**(ख) विषेश प्रस्ताव तर्फ**

१. प्रस्ताव नं. १ बमोजिम आ.व. २०६९।७० को मुनाफाबाट शेयरधनीहरुलाई चुक्ता पूजीको १८रु ले हुने रकम रु ७२,००,०००/- बोनस शेयर वितरण गर्न स्वीकृती दिने प्रस्तावलाई सर्वसम्मतिबाट पारित गर्ने निर्णय गरियो ।

२. प्रस्ताव नं. २ बमोजिम बोनस शेयर जारी गरिए पछि बृद्धि हुने रु ७२,००,०००/- समेत समावेश गरी चुक्ता पूजी र जारी पूजी दुवैमा रु १२,७२,००,०००/- हुने गरी प्रबन्धपत्र संशोधन गर्ने प्रस्ताव पारित गरियोस् भनी राखिएको प्रस्ताव सर्वसम्मति वाट पारित गर्ने निर्णय गरियो ।

| संशोधन हुने दफा | साविक व्यवस्था | संशोधित व्यवस्था | संशोधन गर्नु पर्ने कारण |
|---|---|---|---|
| ५ (ख) | विकास बैंकको जारी पूजी रु १२,००,००,००० (रु बाह्र करोड मात्र) हुनेछ जसलाई रु १००/- दरका १२,००,००० (बाह्र लाख) साधारण शेयरमा विभाजन गरिएको छ । | विकास बैंकको जारी पूजी रु १२,७२,००,००० (रु बाह्र करोड बहत्तर लाख मात्र) हुनेछ जसलाई रु १००/- दरका १२,७२,००० (बाह्र लाख बहत्तर हजार) साधारण शेयरमा बिभाजन गरिएको छ । | बोनस शेयर जारी गरिए पछि बैंकको जारी पूजी बृद्धि गर्नु परेकोले । |
| ५ (ग) | विकास बैंकको चुक्ता पूजी रु १२,००,००,००० (रु बाह्र करोड मात्र) हुनेछ जसलाई रु १००/- दरका १२,००,००० (बाह्र लाख) थान साधारण शेयरमा विभाजन गरिएको छ । | विकास बैंकको चुक्ता पूजी रु १२,७२,००,००० (रु बाह्र करोड मात्र) हुनेछ जसलाई रु १००/- दरका १२,७२,००० (बाह्र लाख बहत्तर हजार) थान साधारण शेयरमा विभाजन गरिएको छ । | बोनस शेयर जारी गरिए पछि बैंकको चुक्ता पूजी बृद्धि गर्नु परेकोले । |

३. प्रस्ताव नं.३ बमोजिम आ.व.२०७०।०७१ को लेखा परीक्षण कार्यकालागि (लंग फर्म अडिट रिपोर्ट तथा कर समेतको) श्री सुजन काफ्ले एण्ड एसोसियट्सलाई लेखा परीक्षक नियुक्त गर्ने र पारिश्रमिक बापत आवागमन खर्च र भ्याट बाहेक रु. ६०,०००।- (अक्षरेपी रु. साठी हजार मात्र) तोक्ने निर्णय सर्वसम्मतिवाट गरियो ।

४. प्रस्ताव नं. ४ बमोजिम उपयुक्त देखिएका अन्य बैंक तथा वित्तीय संस्था सूग गाभ्ने/गाभिने (मर्जर गर्ने) सम्बन्धी निर्णय गर्न सञ्चालक समितिलाई अख्तियारी दिने प्रस्तावलाई सर्वसम्मति वाट पारित गर्ने निर्णय गरियो ।

५. प्रस्ताव नं ५ बमोजिम बैंकको प्रबन्धपत्र तथा नियमावली संशोधन तथा प्रस्तावित संशोधन नियमनकारी निकायबाट फेरबदल गर्न निर्देशन भएमा आवश्यकता अनुसार सोमा थपघट, परिमार्जन, संशोधन तथा सच्याउनको लागि सञ्चालक समिति वा सञ्चालक समितिले तोकेको व्यक्तिलाई अख्तियारी दिने निर्णय सर्वसम्मति बाट पारित गर्ने निर्णय गरियो ।

**(ग) विविध प्रस्ताव तर्फ :**

विविध प्रस्तावमा निर्धारित छलफलको विषय सूची नं. (ग) विविध तर्फ सभापतिज्यूको अनुमतिले विविध छलफल गर्ने र प्रस्ताव पारित गर्नुपर्ने अन्य कुनै विषय नभएको ।

सभाको विस्तृत विवरण यस बैंकको वेवसाईट www.mbbl.com बाट अध्ययन गर्न वा प्रतिलिपि उतार्ण सकिनेछ ।

राष्ट्रिय दैनिक नागरिक २०७०।१०।१२ मा प्रकाशित